भरतपुर महानगरपालिका

नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरु

(बैठक सङ्ख्याः १०४, बैठक मितिः २०८२।०१।३१, विहान — ८ बजे)

| क.स | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १. | १०३औं नगर कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा । | भरतपुर महानगरपलिका नगर कार्यपालिकाको मिति २०८१/१२/२८ गते बसेको १०३औं बैठकका निर्णयहरूको समीक्षा गर्दा निर्णय कार्यान्वयन प्रक्रिया सन्तोषजनक रहेको पाईयो । |
| २. | भरतपुर महानगरपालिका पाठ्यक्रम तथा पाठ्यसामाग्री विकास एवं वितरण कार्यविधि, २०८२ स्विकृत गर्ने सम्बन्धमा । | विधायन समितिबाट सिफारिस भई आएको *भरतपुर महानगरपालिका पाठ्यक्रम तथा पाठ्य सामाग्री विकास एवं वितरण कार्यविधि, २०८२* स्वीकृत गर्ने। |
| ३. | भरतपुर महानगरपालिका छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८२ स्वीकृत गर्ने सम्बन्धमा । | विधायन समितिबाट सिफारिस भई आएको *भरतपुर महानगरपालिका छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८२* स्वीकृत गर्ने । |
| ४. | छात्रवृत्ति व्यवस्थापन समितिमा मनोनयन सम्बन्धमा । | अनिवार्य तथ निशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७ को दफा ११ बमोजिम गठन हुने छात्रवृत्ति व्यवस्थापन समितिमा देहाय अनुसार सदस्य मनोनयन गर्ने ।<br>• *श्री कमल बहादुर मल्ल, ११ नं. वडा अध्यक्ष*<br>• *श्री सिर्जना अधिकारी, कार्यपालिका सदस्य*<br>• *श्री याम प्रसाद सुवेदी, अध्यक्ष, अपाङ्गता संरक्षण अधिकार केन्द्र* |
| ५. | स्वेच्छिक राजिनामा स्वीकृत गर्ने सम्बन्धमा । | बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १४६ अनुसार पशु चिकित्सक, अधिकृतस्तर सातौं श्यामराज देवकोटाको स्वेच्छिक राजिनामा मिति २०८२/०१/०२ गते बाट लागु हुनेगरी स्विकृत गर्ने । |
| ६. | वडा नं. १७, १८ र २० लाई बालमैत्री वडा घोषणा गर्ने सम्बन्धमा । | भरतपुर महानगरपालिका वडा नं. १७, १८ र २० मा बालमैत्री वडाका लागि आवश्यक सबै सूचक पूरा भएकोले उक्त वडाहरूलाई बालमैत्री वडा घोषणा गर्ने । |
| ७. | वडागत, महाशाखागत र क्षेत्रगत बजेट सिलिङ्ग जानकारी सम्बन्धमा । | आगामि आ.व. २०८२/८३ का लागि श्रोत अनुमान समितिको निर्णयबाट २ अर्ब ८३ करोडको बजेट सिलिङ्ग मध्ये वडा तर्फ रु १ अर्ब र महानगरस्तरीय महाशाखा तर्फ रु १ अर्ब ५ करोड तथा |

भरतपुर महानगरपालिका

नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरु

(बैठक सङ्ख्याः १०४, बैठक मितिः २०८२।०१।३१, विहान — ८ बजे)

| | | |
|---|---|---|
| | | प्रशासनिक तर्फ रु ७८ करोड बजेट सिमा निर्धारण तथा बाँडफाँड भएको बेहोरा जानकारी भयो । |
| ८. | भरतपुर महानगरपालिका जग्गा *विकास तथा प्लानिङ्ग अनुमति मापदण्ड, २०८२* स्वीकृति सम्बन्धमा । | विधायन समिति बाट सिफारिस भई आएको *भरतपुर महानगरपालिका जग्गा विकास तथा प्लानिङ्ग अनुमति मापदण्ड, २०८२* स्वीकृति गर्ने। |
| ९. | भरतपुर मेट्रो प्लाजा न्यूनतम अङ्क कायम गर्ने सम्बन्धमा । | सार्वजनिक निजी साझेदारी परियोजनको रुपमा अघि बढाईएको वडा नं. ३ स्थित भरतपुर मेट्रोप्लाजाको लागि प्रारम्भका ३ वर्ष निर्माण प्रक्रियाकै चरणमा रहने भएकोले वार्षिक र १० लाख र त्यसपछि चौथो वर्ष देखि वार्षिक रु ४५ लाख महानगरले पाउने गरी न्यूनतम रोयल्टी अंक कायम गर्ने र हरेक २ वर्षमा वार्षिक १०% ले वृद्धि हुने शर्त भित्र रही उक्त परियोजना सार्वजनिक निजी साझेदारीमा कार्यन्वयन प्रकृया अघि बढाउने । |

<table>
<tr><td>१०.</td><td>"घ" वर्षको इजाजत तथा नामसारी सम्बन्धमा ।</td><td>भरतपुर महानगरपालिकाको "घ" बर्गको निर्माण व्यावसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७४ बमोजिम गठित सिफारिस समितिबाट पेश भए बमोजिम तपसिलका फर्म कम्पनीहरुको नयाँ इजाजत जारी, नामसारी तथा ठेगाना संशोधन गर्ने।
<table>
<tr><th>क्र.स.</th><th>फर्मको नाम</th><th>ठेगाना</th><th>निर्णय/कैफियत</th></tr>
<tr><td>१</td><td>सास्वत इफ्रास्ट्रक्चर प्रा.लि.</td><td>भरतपुर-२७ चितवन</td><td>नयाँ जारी</td></tr>
<tr><td>२</td><td>चन्दन ग्रुप प्रा.लि.</td><td>भरतपुर-०४ चितवन</td><td>नयाँ जारी</td></tr>
<tr><td>३</td><td>एस.एस. वाटर कन्स्ट्रक्सन एण्ड सर्भिसेस प्रा.लि. बाट नाम संशोधन गरी एस.एस. वाटर ट्युवेल कनस्ट्रक्सन प्रा.लि.</td><td>भरतपुर-१० चितवन</td><td>नाम संशोधन</td></tr>
<tr><td>४</td><td>पंचशक्ति निर्माण सेवा ( प्रो. लोकनाथ भुर्तेल कायम गर्ने)</td><td>भरतपुर-१० चितवन</td><td>नामसारी</td></tr>
<tr><td>५</td><td>प्रसिद्ध निर्माण सेवा ( नाम परिवर्तन र नामसारी)<br>( साम्राज्ञी निर्माण सेवा र राधा हुमागाँई कायम गर्ने )</td><td>भरतपुर-७ चितवन</td><td>नाम संशोधन, नामसारी</td></tr>
</table></td></tr>
<tr><td>११.</td><td>तथ्याङ्क अधिकृत रमेश जोशीको बेतलवी विदा स्वीकृति गर्ने सम्बन्धमा ।</td><td>यस कार्यालयमा कार्यरत तथ्याङ्क अधिकृत, रमेश जोशीलाई Kansas State University, Manhattan, USA मा PHD in Statistics अध्ययन गर्न ३(तीन) वर्षको बेतलबी अध्ययन बिदा स्विकृत गर्ने ।</td></tr>
<tr><td>१२.</td><td>चेक सट्टाभर्ना सम्बन्धमा ।</td><td>• मिति २०८१/०३/२४ गते तनहूँ चितवन विश्वकर्मा समाजको नाममा जारी भएको रु</td></tr>
</table>

| | | |
|---|---|---|
| | | ३९,४६०।- (अक्षेरेपि उनन्चालिस हजार चार सय साठी मात्र) रकमको चेक सटही नभएकोले उल्लिखित रकमको चेक पुनः जारी गरी भुक्तानी दिने ।<br>• मिति २०८१/०३/२३ गते फिजियोथेरापि ट्रेडर्स को नाममा जारी भएको रु ६७,९६५।- (अक्षेरेपि सतसठ्ठि हजार नौ सय पैसठ्ठी मात्र) रकमको चेक सटही नभएकोले उल्लिखित रकमको चेक पुनः जारी गरी भुक्तानी दिने । |
| विविध | | |
| क. | भगिनी सम्बन्ध कायम गर्ने सम्बन्धमा । | श्री अपि हिमाल गाउँपालिका, दार्चुला तथा श्री कनकासुन्दरी गाउँपालिका, जुम्ला सँग भगिनी सम्बन्ध कायम गर्ने । |
| ख. | भरतपुर महानगरपालिका नक्सापास तथा अभिलेखिकरण कार्यविधि, २०८१ संशोधन सम्बन्धमा । | विधायन समितिबाट पेश भएको *भरतपुर महानगरपालिका नक्सापास तथा अभिलेखिकरण कार्यविधि, २०८१(प्रथम संशोधन २०८२)* पारित गर्ने । |
| ग. | एम्बुलेन्स खरिदमा राजश्व छुटको सिफारिस गर्ने सम्बन्धमा । | वडा नं. १४, शिवनगर प्राथमिक स्वास्थ्य केन्द्रलाई एम्बुलेन्स खरिदमा लाग्ने राजश्व छुटको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने । |
| घ. | आर्थिक सहायता सम्बन्धमा । | • वडा नं. २ निवासी सन्तोष देवकोटालाई पेट सम्बन्धी रोगको उपचारार्थ रु ५०,०००।— (अक्षेरेपि पचास हजार मात्र)आर्थिक सहयोग गर्ने ।<br>• वडा नं. ५ निवासी निर्मला भूजेललाई ब्रेन ट्युमर रोगको उपचारार्थ रु ५०,०००।—(अक्षेरेपि पचास हजार मात्र) आर्थिक सहयोग गर्ने ।<br>• वडा नं. ६ निवासी डिल बहादुर तमाङ पक्षघात भई चितवन मेडिकल कलेजमा उपचारको क्रममा रहेको हुँदा उपचारार्थ रु१०००००।— (अक्षेरेपि एक लाख मात्र) आर्थिक सहयोग गर्ने ।<br>• वडा नं. १३ निवासी बालिका मुना गुरुङलाई मुटु सम्बन्धी रोगको उपचारार्थ रु |

| | | |
|---|---|---|
| | | ५०,०००।— (अक्षरेपि पचास हजार मात्र) आर्थिक सहयोग गर्ने ।<br>• वडा नं. १४ निवासी पुष्पराज अधिकारीको दुवै मृगौला फेल भएको हुँदा उपचारार्थ रु १,००,०००।- (अक्षरेपि एक लाख मात्र) आर्थिक सहयोग गर्ने ।<br>• वडा नं. १७ निवासी पूर्ण बहादुर आले मगर सडक दुर्घटनामा परी घाईते भएको हुँदा उपचारार्थ रु ५०,०००।—(अक्षरेपि पचास हजार मात्र) आर्थिक सहयोग गर्ने । |